# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, मङ्सीर १० गते २०३१ साल [संख्या ३२

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

### ठेकेदारसम्बन्धी नियमावली, २०३१

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :– (१) यी नियमहरूको नाम "ठेकेदारसम्बन्धी नियमावली, २०३१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. ठेकेदारको वर्गीकरण:– सार्वजनिक निर्माण कार्यको ठेक्का दिने प्रयोजनको लागि देहायको हदसम्मको ठेक्का लिने ठेकेदारलाई अनुसूची–१ बमोजिमको योग्यताको आधारमा देहायको वर्गमा राखी वर्गीकरण गरिनेछ ।

(क) एक करोड रुपैयाँभन्दा बढी जति सुकैको ठेक्का लिनेलाई "क" वर्ग

(ख) एक करोड रुपैयाँसम्मको ठेक्का लिनेलाई "ख" वर्ग

(ग) तीस लाख रुपैयाँसम्मको ठेक्का लिनेलाई "ग" वर्ग

(घ) [illegible]

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. ठेकेदार वर्गीकरण समितिः– (१) ठेकेदार वर्गीकरण र मूल्यांकन गरी सिफारिश गर्न देहायको अध्यक्ष र सदस्य भएको एउटा ठेकेदार वर्गीकरण समिति (यसपछि "समिति" भनिएको) हुनेछ।

| | | | |
|---|---|---|---|
| (क) सह–सचिव | – निर्माण तथा यातायात मन्त्रालय | – | अध्यक्ष |
| (ख) महा–निर्देशक | – हवाई विभाग – | – | सदस्य |
| (ग) चीफ इन्जिनियर | – सडक विभाग – | – | सदस्य |
| (घ) चीफ इन्जिनियर | – आवास, भवन तथा भौतिक परियोजना विभाग | – | सदस्य |
| (ङ) चीफ इन्जिनियर | – सिचाइ विभाग | – | सदस्य |
| (च) चीफ इन्जिनियर | – विद्युत् विभाग – | – | सदस्य |
| (छ) चीफ इन्जिनियर | – खानेपानी विभाग | – | सदस्य |
| (ज) प्रतिनिधि | – जल विद्युत् मन्त्रालय | – | सदस्य |
| (झ) प्रतिनिधि | – खाद्य, कृषि तथा सिचाइ मन्त्रालय | – | सदस्य |
| (ञ) प्रतिनिधि | – उद्योग वाणिज्य मन्त्रालय | – | सदस्य |
| (ट) प्रतिनिधि | – महालेखापालको कार्यालय | – | सदस्य |
| (ठ) प्रतिनिधि | – इन्जिनियरिंग इन्स्टीच्यूट | – | सदस्य |
| (ड) प्रतिनिधि | – इन्जिनियरिंग एशोसिएशन | – | सदस्य |
| (ढ) उप–सचिव | – निर्माण तथा यातायात मन्त्रालय | – | सदस्य–सचिव |

(२) उप–नियम (१) बमोजिमको समितिको निर्णय सदस्य–सचिवले प्रमाणित गर्नेछ।

४. इजाजतपत्र लिनु पर्नेः– (१) सार्वजनिक निर्माण कार्यको ठेक्का लिन चाहने व्यक्ति, कम्पनी, फर्म वा संस्थाले इजाजतपत्र लिनु पर्नेछ।

(२) उप–नियम (१) मा उल्लेखित इजाजतपत्र लिन चाहने व्यक्ति, कम्पनी, फर्म वा संस्थाले नियम २ मा उल्लेखित वर्गहरूमध्ये आफू इजाजतपत्र लिन चाहेको वर्ग उल्लेख गरी अनुसूची–२ बमोजिमको ढाँचामा निर्माण तथा यातायात मन्त्रालयमा दरखास्त दिनु पर्नेछ।

(३) उप–नियम (२) बमोजिम पर्न आएको दरखास्त सिफारिशको लागि समितिमा पठाइनेछ।

(४) उप–नियम (३) बमोजिम प्राप्त हुन आएको दरखास्तमा समितिले अनुसूची १ मा उल्लेखित योग्यता पुगे नपुगेको विचार गरी जुन वर्गको लागि योग्यता पुगेको छ सोही वर्गको ठेकेदारको इजाजतपत्र दिनको लागि निर्माण तथा यातायात मन्त्रालयमा सिफारिश पठाउनु पर्नेछ।

(५) उप–नियम (४) बमोजिम समितिको सिफारिश प्राप्त हुन आएमा निर्माण तथा यातायात मन्त्रालयले दरखास्तवालाको नाम अनुसूची–३ बमोजिमको दर्ता किताबमा दर्ता गरी नियम ५ बमोजिमको दस्तूर लिई अनुसूची ४ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. इजाजत दस्तूरः– नियम ४ को उप–नियम ५ बमोजिम दिइने देहायको इजाजतपत्रको दस्तूर देहायबमोजिम लिइने छ।

'क' वर्गको लागि – एकहजार रूपैयाँ
'ख' वर्गको लागि – पाँचसय रूपैयाँ
'ग' वर्गको लागि – तीनसय रूपैयाँ
'घ' वर्गको लागि – एकसय रूपैयाँ

६. इजाजतपत्रको बहाली अवधि र नवीकरणः– (१) नियम ४ को उप–नियम (५) बमोजिम दिइने इजाजतपत्र एक आर्थिक वर्ष (श्रावण १ गतेदेखि अर्को सालको आषाढ मसान्त) सम्म बहाल रहनेछ।

(२) उप–नियम (१) बमोजिमको बहाल अवधि भुक्तान भएको मितिले एक महीनाभित्र नियम ५ बमोजिमको दस्तूर तिरी इजाजतपत्र नवीकरण गराउनु पर्नेछ।

(३) उप–नियम (२) बमोजिमको म्यादपछि इजाजतपत्र नवीकरण गराउन आएमा पहिलो, दोस्रो, तेस्रो, चौथौ, पाँचौं र छैठौं महीनामा इजाजत दस्तूरको क्रमशः दश, बीस, पैंतीस, पचपन्न, सत्तरी र शत प्रतिशत अतिरिक्त दस्तूर लिई इजाजतपत्र नवीकरण गरी दिनु पर्छ।

(४) छैठौं महीनामा पनि नवीकरण नगराउने ठेकेदारको इजाजतपत्र स्वतः खारेज भएको मानिने छ।

७. इजाजतपत्रको प्रतिलिपी संलग्न गर्नु पर्नेः– कुनै ठेकेदारले ठेक्का प्राप्त गर्न दरखास्त दिंदा सो दरखास्तसाथ इजाजतपत्रको प्रतिलिपी संलग्न गर्नु पर्नेछ र सम्बन्धित अधिकारीले खोजेको बखत इजाजतपत्रको सक्कल प्रति पेश गर्नु पर्नेछ।

८. ठेकेदारको अयोग्यताः– देहायको व्यक्तिलाई ठेकेदारको इजाजतपत्र दिइने प्रयोजनको लागि अयोग्य मानिने छ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी कैदको सजाय पाई ५ बर्षको अवधि ननाघेको,
(ख) ऋण तिर्न नसकी साहूको दामाशाहीमा परेको,
(ग) सरकारी बाँकी तिर्न नसकेको,
(घ) ठेक्काको काममा बदनियत वा लापरवाही गरेको कारणले श्री ५ को सरकारले निर्णय गरी सार्वजनिक निर्माण कार्यको ठेक्काको काम नदिने गरी निर्णय गरेको।

९. ठेकेदारको कार्य मूल्यांकनः– (१) प्रत्येक विभागीय प्रमुख र योजना प्रमुखले आफ्नो अन्तर्गत ठेक्काको काम गरेको ठेकेदारको कार्यको मूल्यांकन गरी आफ्नो राय सुझाव सहितको गोप्य प्रतिवेदन हरेक वर्ष आषाढ १५ गतेभित्र निर्माण तथा यातायात मन्त्रालयमा पठाउनु पर्नेछ। २५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–नियम (१) बमोजिम प्राप्त भएको मूल्यांकन प्रतिवेदन आषाढ २२ गतेभित्र मन्तव्यको लागि समितिमा पेश गरिनेछ।

(३) उप–नियम (२) बमोजिम प्राप्त हुन आएको प्रतिवेदनमाथि समितिले छलफल गरी आवाढमसान्तसम्म ठेकेदारको सम्बन्धमा देहायको राय साथको सिफारिश निर्माण तथा यातायात मन्त्रालयमा पठाउनु पर्नेछः–

(क) ठेकेदारको नाम माथिल्लो वा तल्लो वर्गमा सार्ने, वा
(ख) ठेकेदारको नाम दाग पुस्तिकामा राख्ने, वा
(ग) ठेकेदारलाई निलम्बन गर्ने, वा
(घ) ठेकेदारको इजाजतपत्र खारेज गर्ने।

तर कुनै ठेकेदारको सम्बन्धमा तत्काल सिफारिश गर्न नसकिने अवस्था पर्न आएमा समितिले सोको कारणसहितको राय निर्माण तथा यातायात मन्त्रालयमा पठाउनु पर्नेछ र निर्माण तथा यातायात मन्त्रालयबाट आवश्यक छानबीनसहितको विवरण पुनः उपलब्ध हुन आएमा त्यसमा आफ्नो सुझाव पेश गर्नु पर्नेछ। त्यसरी राय सिफारिश पेश गर्न ढिला हुन गएको अवधिभर त्यस्तो ठेकेदारको इजाजतपत्र मुलतवी रहनेछ।

१०. ठेकेदारको कर्तव्य :– यस नियमावलीबमोजिम इजाजतपत्र प्राप्त ठेकेदारको कर्तव्य देहायबमोजिम हुनेछ।

(क) ठेक्काको काम ईमानदारी र लगनशीलताको साथ समयमा र स्तरयुक्त गर्नुपर्छ।
(ख) परियोजनाको काम बिग्रने गरी वा श्री ५ को सरकारको अहित हुने कुनै काम गर्नु हुँदैन।
(ग) साझामा ठेक्का लिएको काम समाप्त नहुँदै सो ठेक्काप्रति आफ्नो दायित्व समाप्त हुने गरी साझेदारीबाट अलग हुनु हुँदैन।
(घ) अप्रत्यक्ष रूपले ठेक्का लिन खोज्ने व्यक्तिको निमित्त आफू देखापरी ठेक्का दिलाउने काम गर्नु हुँदैन।

११. नामावली जानकारीको लागि पठाउनु पर्ने:– निर्माण तथा यातायात मन्त्रालयले यस नियमावलीबमोजिम इजाजतपत्र प्राप्त गरेको वा निलम्बन भएको, वा दाग पुस्तिकामा नाम राखिएको वा इजाजतपत्र खारेज गरिएको ठेकेदारको नामावली महालेखा परीक्षकको विभाग लगायत श्री ५ को सरकारको सबै मन्त्रालय, विभाग वा कार्यालयमा जानकारीको लागि पठाउनु पर्नेछ।

१२. अनुसूचीमा संशोधनः– श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा सँशोधन गर्न सक्ने छ।

१३. बाधा नहुने :– कुनै सार्वजनिक निर्माणसम्बन्धी काम टुक्राई पीसवर्क प्रणालीमा गराउन परेमा पच्चीसहजार रूपैयाँसम्मको पीसवर्क ठेक्का लिन चाहने व्यक्तिको नाम सम्बन्धित परियोजना कार्यालयमा दर्ता गरी निजलाई त्यस्तो ठेक्का दिन यस नियमावलीले बाधा पुऱ्याएको मानिने छैन।

४९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– १

(नियम २ र नियम ४ को उप–नियम (४) संग सम्बन्धित)

विभिन्न वर्गको ठेकेदारको लागि हुनुपर्ने योग्यता

(१) "क" वर्गको ठेकेदारको लागि हुनु पर्ने योग्यताः–

(१) घटीमा एकजना स्नातक इन्जिनीयरहरू भएका इन्जिनीयरिंग संगठन वा इन्जिनीयरिंग फर्म, पब्लिक वा प्राइभेट लिमिटेड कम्पनी ।

(२) ठेक्कासम्बन्धी कामको निमित्त आवश्यक हुने प्राविधिक क्षमता भएको स्थायी इन्जिनीयरिंग संगठनको व्यवस्था वा रजिष्टर्ड भएका इन्जिनीयरिंग फर्मसंग ठेक्का प्रयोजनको निमित्त सेवा प्राप्त गर्ने मञ्जूरनामा भएको ।

(३) घटीमा पन्ध्रलाख रूपैयाँसम्मको निर्माणसम्बन्धी मेशीनरी औजार भएको।

(४) बीस बीस लाख रुपैयांका पांच विभिन्न निर्माण कार्य सन्तोषजनक रूपले पूरा गरी प्रमाणपत्र प्राप्त गरेको ।

(२) "ख" वर्गको ठेकेदारको लागि हुनु पर्ने योग्यताः–

(१) साझेदारी फर्म, प्राइभेट फर्म, प्राइभेट लिमिटेड, वा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको ।

(२) ठेक्कासम्बन्धी कामको निमित्त आवश्यक हुने प्राविधिक क्षमता भई पूरा समय काम गर्ने घटीमा एक स्नातक इन्जिनीयर र श्री ५ को सरकारबाट स्वीकृति प्राप्त संस्थाबाट प्रमाणपत्र पाएका दुई प्राविधिज्ञहरू वा दर्ता गरिएको इन्जिनीयरिंग संस्थासंग सेवा प्राप्त गर्ने मञ्जूरनामा भएको ।

(३) घटीमा तीन लाख रूपैयाँको निर्माणसम्बन्धी मेशीनरी औजार भएको।

(४) पाँच पाँच लाख रूपैयाँको चार निर्माण कार्य सन्तोषजनक रूपले पूरा गरी प्रमाणपत्र प्राप्त गरेको ।

(३) "ग" वर्गको ठेकेदारको लागि हुनु पर्ने योग्यताः–

(१) दुई दुई लाख रूपैयाँको चार निर्माण कार्य सन्तोषजनक रूपले पूरा गरी प्रमाणपत्र प्राप्त गरेको ।

(२) श्री ५ को सरकारबाट स्वीकृति प्राप्त संस्थाबाट प्रमाणपत्र पाएका प्राविधिक वा कुनै इन्जिनीयरको सेवा प्राप्त गर्ने व्यवस्था भएको ।

(४) "घ" वर्गको ठेकेदारको लागि हुनु पर्ने योग्यताः–

(१) पचास पचास हजार रूपैयाँको गरी जम्मा तीन विभिन्न निर्माण कार्य सन्तोषजनक रूपले पूरा गरी प्रमाणपत्र प्राप्त गरेको ।

तर नयाँ ठेकेदारले यो खण्डबमोजिम प्रमाणपत्र पेश गर्नु पर्ने छैन।

(२) श्री ५ को सरकारबाट स्वीकृति प्राप्त संस्थाबाट प्रमाणपत्र पाएका प्राविधिकको सेवा उपलब्ध भएको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची– २

(नियम ४ को उप–नियम (२) संग सम्बन्धित)

श्री निर्माण तथा यातायात मन्त्रालय,
बबर महल काठमाडौं ।

म । हामी .......... वर्गको ठेकेदारको वर्गीकरणमा मेरो । हाम्रो नाम दर्ता हुनका लिमित्त निम्न विवरणहरू भरी यो निवेदन दिएको छु । छौं । सो विवरण–हरू छानवीन भई यथायोग्य वर्गीकरणमा नाम दर्ता गरी ठेकेदारको इजाजतपत्र पा[illegible] अनुरोध गर्दछु । गर्दछौं ।

१. निवेदकको नाम थर:– ......

२. ठेगाना:– .....

(क) स्थायी:– .....

(ख) अस्थायी:– .......

३. कम्पनी । फर्मको प्रतिनिधित्व गर्नेको नाम:– .......

४. बैंकरको नाम र पूरा ठेगाना:– .......

५. अघिल्लो वर्षसम्मको आर्थिक स्थिति:– .......

६. कुन वर्गमा दर्ता हुन चाहेको:– .......

७. ठूला योजनाको काम गर्न सकिने गरी स्थायी इन्जिनीयरिंग संगठन छ, छैन भए त्यसको विवरण:– ......

८. आफूसंग रहेको कामदारहरूको विवरण:– .....

(१) प्राविधिक

(क)

(ख)

(ग)

(२) अप्राविधिक

(क)

(ख)

(ग)

९. आफूसंग रहेको निर्माणसम्बन्धी मेशीनरी औजारको विवरण:– ........

.... .... .... .... .... ....

.... .... .... .... .... ....

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## कार्यान्वयन गरी सकेका कामको विवरण

१०.

| कामको नाम | काम गरेको साल | रकम | कुन कार्यालयमा वा सँस्था अन्तर्गत गरेको त्यसको नाम |
|---|---|---|---|
| (क) ठूला पुल बाहेक सडक तथा तत्सम्बन्धी अन्य निर्माण | | | |
| (ख) पुलको निर्माण | | | |
| (ग) सुरूङ्ग निर्माण | | | |
| (घ) हवाई रनवे | | | |
| (ङ) भवन निर्माण | | | |
| (च) विद्युत् लाइन निर्माणसम्बन्धी काम | | | |
| (छ) पावरस्टेशन ( इलेक्ट्रिकल ) र सब–स्टेशन जडान कार्य | | | |
| (ज) जल विद्युत् तथा सिचाइ-सम्बन्धी बाँध | | | |
| (झ) ठूला हाइड्रोलिक स्ट्रक्चर | | | |
| (ञ) ठूला स्ट्रक्चर बाहेक नहर तथा तत्सम्बन्धित अन्य स्ट्रक्चर | | | |
| (ट) डिजेल पावर स्टेशन जडान कार्य | | | |
| (ठ) खानेपानी योजनाको रिजर्भायर बनाउने काम र पाइप बिछ्याउने काम | | | |
| (ड) ढल निकासको काम | | | |

द्रष्टव्यः– जुन कार्यालय वा सँस्था अन्तर्गत काम गरी सकेको छ त्यसको प्रमाणपत्र छुट्टै संलग्न गर्नु पर्नेछ ।

११. कर बुझाएको प्रमाणपत्र ।

निवेदकको सही

६०१

मितिः– २०

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–३

(नियम ४ को उप–नियम (५) संग सम्बन्धित)

श्री ५ को सरकार

निर्माण तथा यातायात मन्त्रालय

. . . . . .. . . . . . . वर्गको ठेकेदारको दर्ता किताव

| सि.नं. | ठेकेदारको नाम थर | स्थायी ठेगाना | अस्थायी ठेगाना | कामको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–४
( नियम ४ को उप–नियम (५) संग सम्बन्धित)

श्री ५ को सरकार
निर्माण तथा यातायात मन्त्रालय

विषयः– ठेकेदारको इजाजतपत्र ।

श्री... ... ...

... ... ...

तपाईंको मिति . . . . . . . . . को दरखास्तमा कारवाही हुँदा तपाईंलाई सार्वजनिक निर्माण कार्यको ठेक्काको काम गर्न . . . . . . . . . . . . . . . वर्गको ठेकेदारमा राखी सो ठेक्कासम्बन्धी काम गर्न पाउने गरी यो इजाजतपत्र प्रदान गरिएको छ।

. . . . . . . . . . .
अधिकृतको दस्तखत

आज्ञाले-
सहायक रथी खड्गबहादुर सिंह
श्री ५ को सरकारको का.मु. सचिव

६०३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले त्रिभुवन विमानस्थलको सुरक्षाको लागि बागमती अञ्चल, काठमाडौं जिल्ला, सिनामङ्गल गा.पं. अन्तर्गत निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ।

वडा नं. १ (क) मा पर्ने।

पूर्व कि. नं. ६६, ६७, ११३, ११४ को जग्गाको साँध, पश्चिम कि. नं. ३२, ३३, ३४, ८४ को पहिला हवाई यातायात विकास योजनाले प्राप्त गरेको बाँकी जग्गा, उत्तर पुरानो भक्तपुर, काठमाडौं, सडक, दक्षिण कि. नं. ७२, ७९, ८५ को जग्गाको साँध यति चारकिल्लाभित्र पर्ने कि. नं. ३२ बाट १–६–०, कि. नं. ३३ बाट २–६–२, कि. नं. ३४ बाट ०–६–०, कि. नं. ४४ को ४–८–० पूरै, कि. नं. ४५ को ०–३–१ पूरै, कि. नं. ४६ को ०–३–३ पूरै, कि. नं ४७ को ०–४–१ पूरै, कि. नं. ४८ को ०–३–३ पूरै, कि. नं. ४९ को ०–१०–२ पूरै, कि. नं. ५० को ०–७–१ पूरै, कि. नं. ५१ को ०–७–२ पूरै, कि. नं. ५२ को ०–१२–० पूरै, कि. नं ५३ को ०–२–२ पूरै, कि. नं. ५४ को १–९–२ पूरै; कि. नं. ५५ को ०–१४–० पूरै, कि. नं. ५६ को ०–६–० पूरै, कि. नं. ५७ को ०–५–२ पूरै, कि. न. ५८ को १–१–० पूरै, कि. नं. ५९ को ०–१५–१ पूरै, कि. नं. ६० को १–१–० पूरै, कि. नं. ६१ को १–५–० पूरै, कि. नं. ६२ को १–०–० पूरै, कि. नं. ६३ को १–९–० पूरै, कि. नं. ६४ को ०–४–० पूरै, कि. नं. ६५ को ०–५–० पूरै, कि. नं. ६८ को १–८–० पूरै, कि. नं. ६९ को १–१३–१ पूरै, कि. नं. ७० को १०–८–० पूरै, कि. नं. ७१ को १–१३–१ पूरै, कि. नं. ८१ को ०–६–१ पूरै, कि. नं. ८२ को ०–६–० पूरै, कि. नं. ८३ को ०–९–२ पूरै, कि. नं. ८४ बाट २–२–१, कि. नं. २३६ को ११–९–० पूरै, समेतको जम्मा मालपोत रू. १८३।३४ (एकसय त्रियासी रूपैयाँ चौंतीस पैसा) लाग्ने जम्मा जग्गा रोपनी ५३–८–० (त्रिपन्न रोपनी आठ आना) को कित्ता।

वडा नं. ३ (क) मा पर्ने।

पूर्व वडा नं ७ (ख) को कि. नं. १, २, ३, ४, ३१३, ३१२, ३११, ३१६ र ३१९ को जग्गा तथा वडा नं. ७ (क) को कि. नं. १, २, ५, ६, १३ र १६ को जग्गा, पश्चिम त्रिभुवन विमानस्थल, उत्तर गान्धी आदर्श विद्यालय जाने कि. नं. १३१ को बाटो, दक्षिण वडा नं ३ (ख) को कि. नं. ११, १२, ६, ३, २१, २२ र काठमाडौं भक्तपुर जाने पुरानो सडक यति ४ किल्ला-

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०४

भित्र पर्ने कि. नं. १ को ०–१०–२ पूरै, कि.नं. २ को ०–१४–२ पूरै, कि.नं. ३ को १–०–० पूरै, कि. नं. ४ को २–०–२ पूरै, कि. नं. ५ को ०–१०–२ पूरै, कि. नं. ६ को ६–१२–1 पूरै, कि. नं. ७ को ३–०–२ पूरै, कि. नं. ८ को १–२–२ पूरै, कि. नं. ९ को ६–२–० पूरै, कि. नं. १० को १–१२–३ पूरै, कि. नं. ११ को ०–७–२ पूरै, कि. नं. १२ को १–२–३ पूरै, कि. नं. १३ को १–११–३ पूरै, कि. नं. १४ को ०–७–३ पूरै, कि. नं. १५ को १–३–२ पूरै, कि. नं. १६ को १–१४–२ पूरै, कि. नं. १७ को ०–१३–२ पूरै, कि. नं. १८ को ४–७–२ पूरै, कि. नं. १९ को ०–१०–२ पूरै, कि. नं. २० को २–३–२ पूरै, कि. नं. २१ को १–९–२ पूरै, कि. नं २२ को २–१३–२ पूरै, कि. नं. २३ को २–१०–२ पूरै, कि. नं. २४ को ६–१०–२ पूरै, कि. नं. २५ को ३–६–३ पूरै, कि. नं. २६ को २–७–३ पूरै, कि. नं. २७ को ५–१५–३ पूरै, कि. नं. २८ को ०–१३–२ पूरै, कि. नं. २९ को ०–१४–१ पूरै, कि. नं. ३० को १–७–२ पूरै, कि. नं. ३१ को ०–११–२ पूरै, कि. नं ३२ को ०–४–२ पूरै, कि. नं ३३ को ०–९–२ पूरै, कि. नं. ३४ को ८–०–० पूरै, कि. नं. ३५ को ३–१३–० पूरै, कि. नं. ३६ को २–१२–१ पूरै, कि. नं. ३७ को १–०–२ पूरै, कि. नं. ३८ को १–०–२ पूरै, कि. नं. ३९ को ०–१–१ पूरै, कि. नं. ४० को ०–८–२ पूरै, कि. नं. ४१ को ०–७–१ पूरै, कि. नं. ४२ को २–५–२ पूरै, कि. नं. ४३ को १–०–० पूरै, कि. नं. ४४ को १–१–२ पूरै, कि. नं. ४५ को २–०–२ पूरै, कि. नं. ४६ को ०–१–२ पूरै, कि. नं. ४७ को २–१०–२ पूरै, कि. नं. ४८ को १–१३–२ पूरै, कि. नं. ४९ को २–८–० पूरै, कि. नं. ५० को १–३–२ पूरै, कि. नं. ५१ को १–८–३ पूरै, कि. नं. ५२ को २–०–० पूरै, कि. नं. ५३ को २–१२–० पूरै, कि. नं. ५४ को १–१२–० पूरै, कि. नं. ५५ को ०–१२–० पूरै, कि. नं. ५६ को २–१२–० पूरै, कि. नं. ५७ को १–२–० पूरै, कि. नं. ५८ को १–०–३ पूरै, कि. नं. ५९ को १–६–२ पूरै, कि नं. ६० को १–१२–२ पूरै, कि. नं. ६१ को ३–१२–२ पूरै, कि. नं. ६२ को ४–८–० पूरै, कि. नं. ६३ को १–०–० पूरै, कि. नं. ६४ को ०–२–० पूरै, कि. नं. ६५ को ०–१२–३ पूरै, कि. नं. ६६ को १–०–० पूरै, कि. नं. ६७ को १–१४–० पूरै, कि. नं. ६८ को ०–१३–० पूरै, कि. नं ६९ को १–०–० पूरै, कि. नं. ७० को ०–३–० पूरै, कि. नं. ७१ को १–१०–२ पूरै, कि. नं. ७२ को १–४–२ पूरै, कि. नं. ७३ को १–९–२ पूरै, कि. नं. ७४ को ०–६–२ पूरै, कि. नं. ७५ को ३–६–२ पूरै, कि. नं. ७६ को ७–१२–० पूरै, कि. नं. ७७ को २–७–२ पूरै, कि. नं. ७८ को १–१३–० पूरै, कि. नं. ७९ को ०–१३–० पूरै, कि. नं. ८० को २–१३–२ पूरै, कि. नं. ८१ को ०–९–२ पूरै, कि. नं. ८२ को १–५–० पूरै, कि. नं. ८३ को ०–९–२ पूरै, कि. नं. ८४ को ३–८–० पूरै, कि. नं. ८५ को ०–१०–० पूरै, कि.नं. ८६ को ०–६–२ पूरै, कि.नं. ८७ को २–४–० पूरै, कि. नं. ८८ को ४–१४–० पूरै, कि. नं. ८९ को ३–०–२ पूरै, कि. नं. ९० को १–०–० पूरै, कि. नं. ९१ को ०–७–२ पूरै, कि.नं. ९२ को ०–२–० पूरै, कि.नं.९३ को४–२–२पूरै,कि.नं.९४को०–१२–० पूरै,कि.नं. ९५ को ०–९–० पूरै, कि. नं.९६ को ०–१०–० पूरै, कि. नं. ९७ को ०–१४–२ पूरै, कि. नं. ९८ को ०–१४–२ पूरै, कि. नं. ९९ को ०–४–२ पूरै, कि. नं. १०० को ०–७–० पूरै,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

६०२

कि. नं. १०१ को २–६–१ पूरै, कि. नं. १०२ को ०–६–२ पूरै, कि. नं. १०३ को १–१२–२ पूरै, कि. नं. १०४ को ५–२–० पूरै, कि. नं. १०५ को ०–१०–० पूरै, कि. नं. १०६ को ०–६–० पूरै, कि. नं. १०७ को १–७–० पूरै, कि. नं. १०८ को ०–६–२ पूरै, कि. नं. १०९ को ०–१५–० पूरै, कि. नं. ११० को ०–१५–० पूरै, कि. नं. १११ को ३–७–० पूरै, कि. नं. ११३ को १–७–० पूरै, क. नं. ११४ को ०–१५–० पूरै, कि. नं. ११५ को १–१३–० पूरै, कि. नं. ११६ को ०–११–० पूरै, कि. नं. ११७ को ०–८–२ पूरै, कि. नं. ११८ को ०–१५–२ पूरै, कि. नं. ११९ को ६–१४–२ पूरै, कि. नं. १२० को ०–६–२ पूरै, कि. नं. १२१ को ०–२–२ पूरै, कि. नं. १२२ को ०–१०–२ पूरै, कि. नं. १२३ को ०–७–१ पूरै, कि. नं. १२४ को ०–८–० पूरै, कि. नं. १२५ को १–४–२ पूरै, कि. नं. १२६ को १–१५–३ पूरै, कि. नं. १२७ को ०–७–० पूरै, कि. नं. १२८ को ०–११–० पूरै, कि. नं. १२९ को २–१०–२ पूरै, कि. नं. १३० को ०–१०–० पूरै, कि. नं. १३२ को ०–५–२ पूरै, कि. नं. १३३ को ०–१३–० पूरै समेतको जम्मा मालपोत रू. ८१०।३० (आठसय दश रूपैयाँ तीसपैसा) लाग्ने र पति जग्गा रोपनी २–१५–१ समेतको जम्मा रोपनी २२९–२–२ (दुईसय उनन्तीस रोपनी दुई आना दुई पैसा) को कित्ता ।

वडा नं. ३ (ख) मा पर्ने

पूर्व वडा नं ७ (ख) को कि. नं. ३२०, ३२२, ३२७, ३२८, ३२९, ३३०, ३३१, ३३२ र ३३३ को जग्गा, पश्चिम वडा नं. ३ (क) को कि.नं. १२६.११७, १२८, १२९ र १११ को जग्गा, उत्तर वडा नं. ३ (क) को कि.नं. ८२, ८४, १२८, ११९ र १२९ को जग्गा, दक्षिण काठमाडौं भक्तपुर जाने पुरानो बाटो यति चारकिल्लाभित्र पर्ने कि.नं. १ को ६–०–३ पूरै, कि.नं. २ को ०–३–० पूरै, कि.नं. ३ को २–१४–३ पूरै, कि.नं. ४ को १–१०–२ पूरै, कि.नं. ५ को १–१०–२ पूरै, कि.नं. ६ को २–१२–० पूरै, कि. नं. ७ को २–१४–० पूरै, कि. नं. ८ को २–२–२ पूरै, कि. नं. ९ को १–७–२ पूरै, कि. नं. १० को १–६–२ पूरै, कि. नं. ११ को १–९–० पूरै, कि. नं. १२ को ५–६–२ पूरै, कि. नं. १३ को १–२–२ पूरै, कि. नं. १४ को ०–८–२ पूरै, कि. नं. १५ को ०–८–० पूरै, कि. नं. १६ को ०–३–० पूरै, कि. नं. १७ को ०–२–३ पूरै, समेतको जम्मा मालपोत रू. ९४।१७ (चौरानव्बे रूपैयाँ सत्र पैसा) लाग्ने र पति जग्गा रोपनी २–०–१ समेतको जम्मा जग्गा रोपनी ३२–१०–१ (बत्तीस रोपनी दश आना एकपैसा) को कित्ता ।

वडा नं. ७ (क) मा पर्ने

पूर्व वडा नं. ७ (क) के कि. नं. ६, २९, २२, २१, र २७ को जग्गा, पश्चिम वडा नं. ३ (क) को कि. नं. ५८, ५६, ५५, ५४, २७, २६, ९, ७ र ६ को जग्गा, उत्तर कि. नं. १३१ को बाटो र गोचर तथा वडा नं. ६ (ख) को कि. नं. २, ३ र ८ को जग्गा, दक्षिण वडा नं. ७ (ख) को कि. नं. १ र ८ तथा वडा. ३ (क) को कि. नं. ६१ को जग्गा, यति चारकिल्लाभित्र पर्ने कि. नं. १ को ०–१२–० पूरै, कि. नं. २ को १–१२–० पूरै, कि. नं. ३ को १–१२–० पूरै, कि. नं. ४ को २–९–० पूरै, कि. नं. ५ को १–१२–० पूरै, कि. नं. ६ को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१–४–० पूरै, कि. नं. ७ को ०–१०–० पूरै, कि. नं. १० को २–१२–० पूरै, कि. नं. ११ को ३–६–० पूरै, कि. नं. १२ को १–१५–० पूरै, कि. नं. १३ को ७–१–० पूरै, कि. नं. १४ को १–८–० पूरै, कि.नं. १५ को ०–२–२ पूरै, कि. नं. १६ को ५–६–० पूरै, कि. नं. १७ को १–६–० पूरै, कि. नं. १८ को १–०–० पूरै, कि.नं. ४४ को ०–१२–० पूरै, कि.नं. ७०८ को ०–८–० पूरै, कि. नं. ७०९ को ९–७–० पूरै, समेतको मालपोत रू. १७५।८१ (एकसय पचहत्तर रूपैयां एकासी पैसा) लाग्ने जम्मा रोपनी ४६–२–२ (छयालीस रोपनी दुई आना दुई पैसा) को कित्ता।

आज्ञाले–
सहायक रथी खड्गबहादुर सिंह
श्री ५ को सरकारको का. मु. सचिव

---

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले त्रिभुवन विमानस्थलमा ट्रान्समिटिङ्ग स्टेशन बनाउन वाग्मती अञ्चल, काठमाडौं जिल्ला, सिनामङ्गल गाउं पञ्चायत अन्तर्गत निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ।

वडा नं. २ (क) मा पर्ने।

पूर्व कोटेश्वर तीन कुने बाटो त्रिभुवन विमानस्थल (यएरपोर्ट) जाने सडकमा परेका नं. ३५,७०,७१,९२,९४,१०९,११०, को बाँकी जग्गा, पश्चिम वाग्मती नदी र वडा नं. २ (ख) को सिमाना, उत्तर बानेश्वरबाट भक्तपुर जाने पुरानो सडक र पहिला बनेको ट्रान्स–मिटिङ्ग हुँदै कि. नं. २ को बाँकी जग्गा, दक्षिण वडा नं. २ (क) को सिमाना र पहिला बनीरहेको ट्रान्समिटिङ्गमा परेको कि. नं. १३,१४,२१,२२,२४, को बांकी जग्गा यति चार किल्लाभित्र पर्ने कि. नं. १२ को १–१४–२ पूरै, कि. नं. १३ बाट ३–१५–०, कि. नं. १४ बाट २–१४–०, कि. नं. २१ बाट १–३–१, कि. नं. २२ बाट १–१०–०, कि. नं. २४ बाट १–०–०, कि. नं. ७० बाट ०–५–०, कि. नं. ७१ बाट ४–०–०, कि. नं. ७२ को १–५–० पूरै, कि. नं. ७३ को ०–६–० पूरै, कि. नं. ७४ को ०–८–० पूरै, कि. नं. ७५ को १–६–२ पूरै, कि. नं. ७७ को ०–९–० पूरै, कि. नं. ७८ को २–९–० पूरै, कि. नं. ७९ को २–८–० पूरै, कि. नं. ८० को ०–९–० पूरै, कि. नं. ८१ को ८–१४–० पूरै, कि. नं. ८२ को ०–१३–० पूरै,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कि. नं. ८३ को ०–१३–० पूरै, कि. नं. ८४ को ०–७–० पूरै, कि. नं. ८५ को ४–२–२ पूरै, कि. नं. ८६ को २–४–० पूरै, कि. नं. ८७ को ०–४–० पूरै, कि. नं. ८८ को १–०–० पूरै, कि. नं. ८९ को ३–४–० पूरै, कि. नं. ९१ को १–१–० पूरै, कि. नं. ९२ बाट १–१०–०, कि. नं. ९४ बाट १–१४–२, कि. नं. ११० बाट १–१०–०, कि. नं. १२६ को ०–४–० पूरै, कि. नं. १३० को १–०–२ पूरै, कि. नं. १३२ को १–२–१ पूरै, कि. नं. १३३ को १–२–१ पूरै, कि. नं. १३५ बाट ०–१२–२, कि. नं. १३८ को ०–६–२ पूरै, कि. नं. १३९ को २–१४–२ पूरै समेतको जम्मा मालपोत रू. २३०।२८ (दुई सय तीस रूपैयाँ अठ्ठाईस पैसा) लाग्ने जग्गा र पर्ति पहिरो जग्गा कि. नं. २ बाट २५–४–० र कि. नं. १०९ बाट १०–०–० समेतको जम्मा जग्गा ९७–९–३ (सन्तान्नब्बे रोपनी नौ आना तीन पैसा) को किला।

वडा नं. २ (ख) मा पर्ने

पूर्व वडा नं. २ (क) को सिमाना, पश्चिम वडा नं. २ (ख) मा जाने गोरेटो बाटो, उत्तर बागेश्वरबाट भक्तपुर जाने पुरानो सडक, दक्षिण वडा नं. २ (क) को उत्तर सिमाना यति चारकिल्लाभित्र पर्ने कि. नं. ९७ को ३–०–० पूरै, कि. नं. ९९ को ३–३–० पूरै, कि. नं. १०० को ४–५–० पूरै, समेतको जम्मा मालपोत रू. ४१।१६ (एकचालीस रूपैयाँ सोह्र पैसा) लाग्ने जग्गा र पर्ति जग्गा कि. नं. ९८ को १-२-० समेतको जम्मा जग्गा रोपनी ११–१०–० (एघार रोपनी दश आना) को किला।

आज्ञाले–
सहायक रथी खड्गबहादुर सिंह
श्री ५ को सरकारको का. मु. सचिव

६०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।